# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, पुस २८ गते २०५४ साल (अतिरिक्ताङ्क ४९

## भाग ४

### श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही उपदफाको खण्ड (ग) को प्रयोजनको लागि काठमाडौं उपत्यकामा चल्ने देहायका सवारी साधनको देहायबमोजिम प्रदूषण मापदण्ड कायम गर्ने गरी तोकेको छ ।

१. <u>पेट्रोलबाट चल्ने सवारीः</u>

(क) सन् १९८० सम्म उत्पादन भएका चार पाङ्ग्रे सवारी साधनको प्रदूषण सीमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (By Volume) हुनुपर्ने ।

(ख) सन् १९८१ वा त्यसभन्दा पछि उत्पादन भएका सवारी साधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ३ प्रतिशत (By Volume) हुनुपर्ने ।

(ग) तीन पाङ्ग्रे सवारीको हकमा सन् १९९१ सम्ममा उत्पादन भएका सवारी साधनमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (By Volume) हुनुपर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

1222

(घ) दुई पाङ्ग्रे सवारी साधनको हकमा कार्बन मोनोक्साइडको मात्रा अधिकतम ४.५ प्रतिशत (By Volume) हुनुपर्ने ।

२. डिजलबाट चल्ने सवारीको हकमा:

(क) सन् १९९४ सम्ममा उत्पादन गरिएका सबै किसिमका डिजल सवारी साधनका लागि सवारीको धुवाँको घनत्व (Smoke Density) अधिकतम ७५ H.S.U. हुनुपर्ने ।

(ख) सन् १९९५ वा सोभन्दा पछि उत्पादन भएका सवारी साधनको लागि सवारीको धूवाँको घनत्व (Smoke Density) अधिकतम ६५ H.S.U. हुनुपर्ने ।

उपरोक्त उल्लिखित मापदण्ड दुई पाङ्ग्रे सवारी साधनको हकमा २०५५ साल श्रावण १ गतेदेखि र दुई पाङ्ग्रे बाहेकको अन्य सवारी साधनको हकमा २०५४ साल माघ १ गतेदेखि लागू हुनेछ ।

खण्ड ४४, संख्या १६, मिति २०५१।४।१७ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१२२८